जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

| खण्डः९ | संख्याः३ | प्रमाणिकरण मितिः२०८३/०१/०३<br>राजपत्रमा प्रकाशित मितिः२०८३/०१/०४ |
|---|---|---|

## भाग २

## जीतपुरसिमरा उपमहानगरपालिका

### मेला महोत्सव व्यवस्थापन कार्यविधि,२०८३

**प्रस्तावना:**

जीतपुरसिमरा उपमहानगरपालिका भित्र विभिन्न उद्देश्यका साथ सञ्चालन हुने व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि, खेलकुद ईत्यादी क्षेत्रमा प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्सवलाई व्यवस्थित गराउदै मेला महोत्सवले बोकेका उद्देश्यलाई मूर्तरुप दिने कार्यमा सहयोग पुर्याई दर्शक तथा स्रोता मैत्री ढंगवाट मेला महोत्सव सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ७ को अधिनमा रही मिति २०८३/०१/०३ गतेको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गरि यो कार्यविधि लागु गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०८३ रहेको छ ।

(२) यो कार्यविधि जीतपुरसिमरा उपमहानगरपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ ।

**२. परिभाषाः**

(१) “मेला महोत्सव” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका भित्रका कुनै पनि सार्वजनिक स्थलमा २ दिन भन्दा वढी अवधि सम्म गरिने व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि, खेलकुद ईत्यादी प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्वसलाई जनाउने छ ।

(२) “मूल आयोजक” भन्नाले मेला महोत्सव सञ्चालन गर्न नगरपालिकावाट अनुमति प्राप्त संस्था/कार्यालयलाई जनाउने छ ।

(३) “नगरपालिका” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई जनाउने छ ।

(४) “विषयगत संस्था वा कार्यालय” भन्नाले विषयगत क्षेत्रमा काम गर्ने उद्धेश्य बोकेको संस्था वा कार्यालयलाई जनाउने छ ।

(५) “अमुमती समिति” भन्नाले मेला महोत्सव अनुमति समितिलाई जनाउनेछ ।

(६) “अनुगमन समिति” भन्नाले मेला महोत्सवलाई अनुगमन गर्ने समितिलाफ जनाउनेछ ।

**३. कार्यविधिको उद्देश्यः**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने मेला महोत्सव सञ्चालन गर्न सम्वन्धित संस्था वा कार्यालयलाई अनुमति प्रदान गर्ने ।

(२) मेला महोत्सवको उद्धेश्य पुरा गराउन आवश्यक सहजीकरण गर्ने ।

(३) मेला महोत्सवलाई व्यवस्थित गर्ने ।

(४) नगरपालिकाको व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यीक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि, खेलकुद ईत्यादी क्षेत्रको प्रर्वद्धनमा सहयोग पुर्याउने ।

## परिच्छेद २
## मेला महोत्सव सञ्चालन अनुमति प्रदान विधि

**४. मेला महोत्सव सञ्चालन गर्न उपमहानगरपालिकाको अनुमति लिनु पर्ने :**

(१) प्रत्येक आ.व. मा जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र मेला महोत्सव लगाउन चाहने संस्था वा कार्यालयले उपमहानगरपालिकामा असोज मसान्त भित्र अनुसूचि-१ मा उल्लेख भए अनुसारका विवरण खुलाईएको प्रस्ताव सहित प्रस्तावक संस्थाका निम्न कागजात सहित आवेदन पेश गर्नु पर्नेछ ।

क. संस्था दर्ता प्रमाण पत्र र नविकरणको कागजात,
ख. संस्थाको विधानको प्रतिलिपि,
ग. लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र ,
घ. मेला महोत्सव सञ्चालन हुने स्थानको स्वामित्व प्राप्त संस्था/निकायको सहमति ।
ङ. नगरपालिका क्षेत्र भित्रको सार्वजनिक स्थान भए सम्बन्धित वडा कार्यालयको सिफारिस

(२) प्रस्तावक संस्थाहरुवाट पेश भएका प्रस्तावहरुलाई दफा ७ वमोजिमको मेला अनुमति समिति द्वारा गठीत मूल्याङ्कन समितिले अनुसूचि-२ वमोजिमको मापदण्डका आधारमा मूल्याङ्कन गरि मेला अनुमति समिति समक्ष पेश गर्ने छ । मूल्याङ्कन समितिको सिफारिसका आधारमा अनुमति समितिले कम्तीमा तीन आ.व. सम्म एउटा संस्था मुल आयोजकमा नदोहोरीने गरि तोके बमोजिमको शर्त राखी मेला महोत्सव सञ्चालन अनुमति अनुसूचि-३ को ढाँचामा नगरपालिकाले दिनेछ ।

(३) प्रत्येक आर्थिक वर्षमा एक क्षेत्रगत विषयमा वढीमा १ वटा भन्दा वढी मेला महोत्सव सञ्चालन गर्न नगरपालिकाले अनुमति दिने छैन । तर नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका वार्षिक कार्यक्रम अनुसार गरिने सरकारी निकाय मूल आयोजक हुनेमा यो दफा लागु हुने छैन ।

(४) असोज मसान्त अगावै कुनै मेला महोत्सव लगाउनु पर्ने भएमा मेला महोत्सव सञ्चालनका लागि प्रस्तावित दिन भन्दा ३५ दिन अगावै नगरपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(५) चालु आ.व.मा समेत यो निर्देशिका लागु भएपछि १५ दि नको समय दिई एक पटकका लागि प्रस्ताव पेश गर्ने अवसर दिइनेछ । प्राप्त भएका प्रस्तावहरुको अध्ययन गरि वढीमा १ वटा मेला महोत्सव सञ्चालन गर्न नगरपालिकाले अनुमति दिन सक्नेछ । नगरपालिकावाट चालु आ.व.मा मेला सञ्चालन गर्न अनुमति लिइ सकेका संस्थाले समेत यसै प्रकृयामा आउनु पर्नेछ ।

(६) मेला महोत्सव सञ्चालन गर्ने स्थान मुल आयोजकले प्रस्ताव गर्न सक्नेछ पेश भएको स्थानका वारेमा नगरपालिकाले सम्भाव्यता अध्ययन गरि मेला महोत्सव अनुमति समितिले तोके बमोजिम हुनेछ ।

(७) दुई दिन भन्दा कम अवधिको हकमा तोकिए बमोजजिमको शर्त राखी नगरपालिकाले अनुमती दिनेछ ।

**५. मुल आयोजकले धरौटी राख्नु पर्नेः**

मेला महोत्सवको उद्धेश्य कोष वृद्धि वा आय आर्जन समेत भएमा प्रस्तावमा उल्लेखित अपेक्षित रकमको कम्तीमा ५ प्रतिशत रकम नगरपालिकामा अनुमति पूर्व धरौटी राख्नु पर्नेछ । अपेक्षित रकम एकिन नभएमा न्यूनतम रु.५०,०००/- (अक्षरुपी पचास हजार रुपैया मात्र) मा नघट्ने गरि मेला महोत्सव अनुमति समितिले तोके वमोजिमको धरौटी राख्नु पर्नेछ । सो धरौटी रकम मेला महोत्सवको समाप्ती संगै उद्धेश्य अनुसारको कार्य गर्न थालनी भए पछि नगरपालिकाले धरौटी फिर्ता दिनेछ । मेला महोत्सव सञ्चालन अनुमति प्रदान गर्दा उपमहानगरपालिकाले तोकेका मेला महोत्सव व्यवस्थापनका शर्तहरु पालना नगरेमा धरौटी रकम नगरपालिकाले जफत गर्न सक्नेछ । लक्ष्य अनुसारको आर्थिक संकलन गरि उद्धेश्य अनुसारका काम गर्ने मुल आयोजकलाई उपमहानगरपालिकाले थप प्रोत्साहन एवं सहकार्य वापत रकम उपलब्ध समेत गराउन सक्नेछ ।

**६. व्यवसाय कर तथा मनोरञ्जन करः**

मेला महोत्सवमा रहने व्यवसायीक स्टलहरुले व्यवसायको किसिम वमोजिम अनुसूचि-४ मा उल्लेख भए अनुसारको मेला अवधि भरको व्यवसाय कर स्टल बुकिङ्ग संगै मुल आयोजक मार्फत उपमहानगरपालिकालाई वुझाउनु पर्नेछ भने मनोरञ्जन करका हकमा प्रत्येक टिकटमा टिकट दरको ५ प्रतिशत मनोरञ्जन कर मेला महोत्सव सम्पन्न भएको १ हप्ता भित्र उपमहानगरपालिकामा दाखिला गर्नु पर्नेछ। गैर व्यवसायीक सन्देशमुलक स्टलहरुका हकमा उपमहानगरपालिकाले छुट दिन सक्नेछ । यसरी सङ्कलित भएको मनोरञ्जन कर नगरपालिकाले विभाज्य कोषमा छुट्टै जम्मा गरि प्रदेश सरकारलाई बाँडफाँड गरी पठाउनेछ ।

## परिच्छेद-३
## मेला महोत्सव अनुमति समिति तथा अनुगमन समिति

**७. मेला महोत्सव अनुमति समतिको गठन :**

(१) मेला महोत्सव अनुमति समिति निम्नानुसार रहनेछ ।

अध्यक्ष : नगर प्रमुख
सदस्य : सम्बन्धित विषयगत समितिको संयोजक
सदस्य : अधिकृत प्रतिनिधि ईलाका प्रशासन कार्यालय, सिमरा-बारा
सदस्य : अधिकृत प्रतिनिधि ईलाका प्रहरी कार्यालय,सिमरा-बारा
सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत

(२) मेला महोत्सवको प्रकृति अनुसार सो सम्वन्धी व्यवसायीक छाता संगठनका प्रतिनिधि, विज्ञ वा जानकार विषयगत निकायका प्रमुखलाई तथा मेला महोत्सव सञ्चालन हुने वडाको वडा अध्यक्षलाई आवश्यक्ताका आधारमा समितिको वैठकमा अध्यक्षले आमन्त्रण गर्न सक्नेछ ।

(३) मेला महोत्सव अनुमति समितिको काम कर्तव्य र अधिकार : यस समितिको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

क. मेला महोत्सव सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

ख. सम्झौताका शर्त वमोजिम मेला महोत्सव व्यवस्थापन भए नभएको बारे अनुगमन समितिको सिफारिसमा शर्त वमोजिम नभएमा शर्तको पालना गर्न लगाउने र तोकिए बमोजिमको दण्ड सजाय गराउने ।

ग. मेला महोत्सवको उद्धेश्य अनुसारको कार्य गरे नगरेको अनुगमन गर्ने, मुल आयोजकलाई उद्धेश्य अनुसारका कार्य गर्न लगाउने ।

घ. आवश्यकता अनुसार मेला महोत्सवका लागि पेश भएको प्रस्ताव मुल्यांकन टोलि, मेला महोत्सव अनुगमन टोलि वा कर्मचारी तोकि व्यवस्थापन एवं अनुगमनको कार्य गराउने ।

ङ. मेला महोत्सव सञ्चालनका क्रममा देखा पर्ने सुरक्षा सम्वेदनशिलताका वारेमा जिल्ला सुरक्षा समितिसंग परामर्श लिने ।

च. कुनै विशेष कारण समितिले देखेमा जिल्ला सुरक्षा समितिसँग आवश्यक समन्वयगरी मेला महोत्सव स्थगन वा बन्द गर्ने ।

**८. मेला महोत्सव अनुगमन समतिको गठन :**

(१) मेला महोत्सव अनुगमन समिति देहाय अनुसार रहनेछ ।

अध्यक्ष : नगर उप-प्रमुख
सदस्य : प्रमुखले तोकेको कार्यपालिका सदस्य ३ जना
सदस्य : सामाजिक विकाश महाशाखा प्रमुख
सदस्य : प्रतिनिधि ईलाका प्रशासन कार्यालय, सिमरा-बारा
सदस्य : प्रतिनिधि ईलाका प्रहरी कार्यालय, सिमरा-बारा
सदस्य : नगर प्रहरी प्रमुख
सदस्य : नगर उद्योग वाणिज्य संघका प्रतिनिधी
सदस्य : पत्रकार महासंघ बारा शाखाका प्रतिनिधि
सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी

(२) मेला महोत्सव अनुगमन समिति वा तोकिएको कर्मचारीले महोत्सवका हरेक गतिविधिको अनुगमन गर्न सक्नेछ । यसरी अनुगमनका लागि नगरपालिकाबाट खटिएको टोलि वा कर्मचारीलाई मेला महोत्सव स्थल भित्रका हरेक गतिविधि अनुगमन गर्न मूल आयोजकले व्यवस्था मिलाउनु पर्नेछ ।

(३) मेला महोत्सव अनुमति समितिको काम कर्तव्य र अधिकार : यस समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

क. अनुगमनका क्रममा सम्झौता वमोजिम आयोजकले पालना गर्नु पर्ने काम नगरेका वा कुनै कमि कमजोरी देखिएमा सो को सुधारका लागि सुझाव दिने ।

ख. सम्झौता बमोजिमको शर्तहरु पालना नगरेमा तोकिए बमोजिमको दण्ड जरिवाना गर्न अनुमति समितिलाई सिफारिस गर्ने ।

ग. माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठीक छ/छैन जाँचबुझ गर्ने ।

घ. आकस्मिक/आवधिक/प्रवर्द्धनात्मक/उद्देश्यमूलक अनुगमन गर्ने सम्बन्धमा निरीक्षण पूर्वको गोपनीयता कायम गर्नुपर्नेछ।

## परिच्छेद-४
## मुल आयोजकले पालना गर्ने/गराउनुपर्ने शर्तहरु

**९. दर्शक तथा सम्पत्ति विमा दर्शक सरक्षा व्यवस्थापन :**

(१) मेला महोत्सव प्रस्तावकको प्रस्ताव स्वीकृत भए पश्चात अनुमति पूर्व मूल आयोजक संस्थाले मेला महोत्सव भित्र जाने सम्पुर्ण सहभागी सबैको दुर्घटना र मेला महोत्सव स्थल भित्रका सम्पत्तिको मेला महोत्सव अवधि भित्रको अनिवार्य विमा गर्नुपर्नेछ ।

(२) मेला महोत्सव स्थल भित्रको सम्पूर्ण सुरक्षा व्यवस्था मूल आयोजकले गर्नु पर्नेछ

**१०. खानेपानी तथा फोहर मैला व्यवस्थापन :**

(१) मूल आयोजकले कार्यक्रम स्थलमा महिला पुरुषका लागि छुट्टा छुट्टै आवश्यकता अनुसारका शौचालय अनिवार्य व्यवस्था गर्नुपर्नेछ ।

(२) मेला महोत्सव स्थलमा दैनिक अनिवार्य सरसफाईको प्रवन्ध गर्नुपर्ने छ, धुलो रहित वनाउन समय समयमा पानी अनिवार्य छर्कनुपर्नेछ ।

(३) मेला महोत्सव स्थलमा होटल रेष्टुरेन्टको फोहर पानीको उचित व्यवस्थापन गर्नुपर्नेछ, जथाभावि बगाउन पाइने छैन ।

(४) मेला महोत्सव हेर्न आउने दर्शकका लागि मेला महोत्सव स्थल भित्र पर्याप्त मात्रामा खानेपानीको प्रवन्ध गर्नुपर्नेछ।

(५) मेला महोत्सव समाप्ती पश्चात सामाग्री उठाउन पूर्व स्थलको पूर्णरुपमा सरसफाई गर्नुपर्नेछ । स्टल निर्माण र शौचालय एवं फोहर व्यवस्थापनका लागि खनिएका खाल्डाहरु पुरि सम्याउनुपर्नेछ । मेला महोत्सवको सम्पूण सामाग्री मेला महोत्सव समाप्ती पश्चात ७ दिन भित्र उठाइ सक्नु पर्नेछ भने मेला महोत्सव तयारीका क्रममा समेत सोको तयारीका लागि १५ दिन अगाडी सामाग्री खसाल्न एवं स्टल तयारको कार्य गर्न पाइनेछ ।

**११. ध्वनि व्यवस्थापन :**

मेला महोत्सव स्थल भन्दा वाहिर ध्वनि जाने गरि माइक (हर्न) लगाउन पाइने छैन । मेला महोत्सव भित्र मात्र सुन्न सकिने गरि स्पीकर साउण्डको प्रयोग गर्नु पर्नेछ ।

**१२. अनुमति बेगरका काम गर्न नहुने :**

मेला महोत्सव अनुमति समितिद्धारा स्वीकृत प्रस्ताव वमोजिमका स्टल, कार्यक्रम, मनोरञ्जन स्टल वाहेकका अन्य कार्य गर्न गराउन पाइने छैन । कुनै कारणवस प्रस्तावमा उल्लेख भएको वाहेक फरक काम गनुपर्ने अवस्थामा समितिको पुर्व स्वीकृती लिनु पर्नेछ ।

**१३. स्टल बुकिङ्गमा स्थानीय आरक्षण व्यवस्थापनः**

(१) मेला महोत्सवमा राखिने स्टलमा स्थानीयतालाई प्राथमिकता दिन निम्नानुसारको कोटा वमोजिम गर्नुपर्नेछ ।

<u>निम्न</u>

क. सूचना एवं सन्देशमूलक प्रर्दशनिका लागि न्यूनतम् १० प्रतिशत

ख. मधेश प्रदेश भित्र उत्पादन हुने वस्तुको लागि स्टल न्यूनतम् २० प्रतिशत

ग. जीतपुरसिमरा भित्रका व्यवसायीका लागि स्टलमा न्यूनतम् ३० प्रतिशत

घ. नयाँ प्रविधि प्रर्दशन एवं विक्रि स्टल न्यूनत्म २० प्रतिशत

ङ. सवै व्यवसायीका लागि खुल्ला स्टल २० प्रतिशत

(२) स्टलहरु मध्ये दफा १२ १ (क) उल्लेखित स्टलमा न्यूनतम् ४० प्रतिशत, (ख) मा उल्लेखित स्टलका लागि २५ प्रतिशत र १ (ग) मा उल्लेखित स्टलका लागि न्यूनतम् १० प्रतिशत तोकिएको भाडामा छुट दिनेगरि बुकिङ्ग गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) दफा १२ उपदफा १ वमोजिम वितरण गरिएका कोटा वमोजिम स्टल वितरणका लागि कम्तीमा १ हप्ताको स्टल बुकिङ्ग खुल्ला गरे पश्चात बाँकी रहेका स्टलमा जुनसुकै व्यवसायिहरु आइ व्यवसाय गर्न पाउने गरि मूल आयोजकले सुचना आव्हान गर्नुपर्नेछ ।

**१४. प्राथमिक उपचारको व्यवस्थाः**

मेला महोत्सव स्थल भित्र प्राथमिक उपचारको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ ।

**१५. निषेधित कार्यः**

(१) जुवा, तास लगाएत कानून वमोजिम निषेधित कार्य गर्न गराउन पाइने छैन ।

(२) मेला महोत्सव स्थल भित्र मदिरा तथा धुम्रपान सेवन र विक्रि वितरण गर्न गराउन पाइने छैन ।

(३) राष्ट्रियता तथा स्थानीय सामाजिक सांस्कृतिक मर्यादामा आँच आउने क्रियाकलाप गर्न गराउन पाईने छैन ।

**१६. स्थानीयतालाई प्राथमिकता :**

मेला महोत्सवमा गरिने हरेक गतिविधिमा स्थानीयतालाई प्राथमिकता दिनु पर्नेछ । कला, संस्कृति प्रर्दशन गर्दा स्थानीय कला संस्कृति र कलाकारलाई प्राथमिकता दिनु पर्ने छ ।

**१७. मेला महोत्सवलाई व्यापारिक स्थलका रुपमा मात्र नहेरी स्थानीयता प्रर्वद्धन तथा आधुनिक प्रविधि भित्र्याउने थलोका रुपमा अगाडी वढाउन विभिन्न स्थानीय परिवेश सुहाउँदो अन्तरक्रियात्मक कार्यक्रमहरु गर्नुपर्नेछ ।**

**१८. आम्दानी खर्च सार्वजनिक गर्नु पर्ने :**

मेला महोत्सव सम्पन्न भएको एक (१) महिना भित्र मेला महोत्सवमा भएको आम्दानी खर्चको विवरण सहितको प्रतिवेदन नगरपालिकामा बुझाउनुका साथै पत्रकार सम्मेलन गरि आम्दानी खर्च सार्वजनिक समेत गर्नु पर्नेछ ।

## परिच्छेद ५
## विविध

**१९. मुल आयोजक वन्न सक्ने आवेदकहरुः**

(१) देहायका संघ संस्थाले मूल आयोजक वन्न आवेदन दिन सक्नेछन् ।

क. कृषि, पर्यटन र व्यापार मेलाका लागि विषयगत व्यवसायिहरुको छाता संगठनहरु ।

ख. धार्मिक, सांस्कृतिक महोत्सवका लागि धार्मिक तथा सामाजिक संघ संस्थाहरु ।

ग. शैक्षिक, कला, साहित्य तथा सांस्कृतिक, खेलकुद तथा अन्य विषयगत मेला महोत्सवका लागि विषयगत संघ संस्था तथा उत्पादकहरु ।

(२) प्रस्तावक संस्थाहरुको विधानमा सम्वन्धित विषयमा प्रर्वद्धन गर्ने उद्धेश्य प्रस्टरुपमा उल्लेख भएको हुनुपर्नेछ ।

(३) माथि जेसुकै उल्लेख भएता पनि भिन्ना भिन्नै विषयगत संस्थाहरुले संयूक्त रुपमा आयोजक वनि आ-आफ्ना उद्धेश्य अनुसारका मेला महोत्सव सञ्चालन गर्न पाउनेछन् ।

(४) संस्थाको विधानमा मेल नखाने किसिमका मेला महोत्सव सञ्चालन गर्न अनुमति दिईने छैन ।

**२०. आवेदकले देहायका शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।**

(१) नियमाननुसार संस्था दर्ता र नविकरण भएको संस्था ।

(२) नियमित लेखापरिक्षण र कर चुक्ता गर्ने गरेको ।

**२१. नगरपालिकासंग गरिएको शर्त पुरा नगर्नेलाई पाँच (५) वर्ष सम्म मेला महोत्सव सञ्चालन गर्न नगरपालिकाले रोक लगाउने छ साथै मेला महोत्सवको रकम दुरुपयोग गर्ने उपर नगर कार्यपालिकाले तोके बमोजिमको जरिवाना गरिनेछ ।**

**२२. टिकटदर निर्धारण :**

(१) मेला महोत्सव स्थलमा प्रवेश गरेवापत प्रवेश शुल्क (टिकट) लिने व्यवस्था भएमा मूल आयोजकले प्रस्तावमा जेष्ठ नागरिक, अपांङ्ग र विद्यार्थीका लागि सहुलियत सहित प्रवेश शुल्क दर प्रस्ताव गर्नेछ । आयोजकवाट पेश भएको प्रवेश शुल्कदरलाई मेलामा हुने गतिविधिका आधारमा अनुमति समितिले तोके वमोजिम हनुनेछ ।

(२) मेला महोत्सवमा राखिने विभिन्न मनोरञ्जन तथा खेलकुद कार्यक्रममा लाग्ने प्रवेश शुल्कको अधिक्तम दर देहाय अनुसार मनोरञ्जन समय सिमाका आधारमा हुनेछ ।

क. ५ मिनेट भन्दा कम समय मनोरञ्जन हुनेमा अधिक्तम रु.४०/- सम्म

ख. १५ मिनेट सम्म मनोरञ्जन हुनेमा अधिक्तम रु.६०/-

ग. ३० मिनेट सम्म मनोरञ्जन हुनेमा अधिक्तम रु.८०/-

घ. ३० मिनेट भन्दा वढी समयको मनोरञ्जन हुनेमा अधिक्तम रु.१२०/- सम्म

(३) सामान्यतया मनोरञ्जन कर वाहेक प्रवेश शुल्क दर अधिकतम रु.५०/- हुनेछ ।

(४) प्रवेश शुल्क दर र मनोरञ्जन स्टल प्रवेश दर मेला महोत्सव अनुमति समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ।

**२३. मेला महोत्सवको अवधिः**

(१) धार्मिक र खेलकुद मेला महोत्सव वाहेक अन्य प्रकृतिका व्यवसायीक स्टलहरु राखि गरिने मेला महोत्सवको अनुमति अधिकतम ९ दिन सम्मको हुनेछ तर मेलामा दर्शकको चाप तथा आयोजकले मेला अवधि थप गर्नुपर्ने उपयुक्त कारण सहित संरक्षा निकायको सहमति सहित निवेदन दिएमा अनुमति समितिले म्याद थपको कारण मनासिव देखेमा तिन दिन सम्म म्याद थपको अनुमति नगरपालिकाले दिन सक्नेछ ।

(२) धार्मिक तथा सांस्कृतिक मेला महोत्सवका हकमा विहान ५:०० देखि साझ ९:३० वजे सम्म र अन्य व्यवसायीक स्टल तथा मनोरंजनात्मक एवं सांगीतिक कार्यक्रम हुने मेलाको हकमा विहान १०:०० वजे देखि सांझ १०:०० वजे सम्म हिंउदमा र अन्य समयमा सांझ ८:०० वजे सम्म मेला महोत्सव सञ्चालन गर्न पाइनेछ ।

(३) धार्मिक तथा सांस्कृतिक, खेलकुद र व्यवसायीक स्टल नराखी गरिने मेला महोत्सवको अवधिका हकमा प्रस्तावकले पेश गरेको प्रस्तावका आधारमा सो को औचित्यता हेरी अनुमति समितिले तोके वमोजिम हनुनेछ ।

२४. **दण्ड जरीवानाः** मुल आयोजक समितिले अनुमति समितिबाट प्राप्त स्वीकृती बेगर अन्य काम कारवाही गरेमा नगरपालिकाले देहाय बमोजिम दण्ड जरिवाना गर्नेछ ।

(१) कानुन विपरितका कार्य गरेमा वा गराएमा पहिलो पटक रु.२५,०००।- र पटकै पिच्छे दोब्बर जरिवाना असुल गरिनेछ ।

(२) ध्वनी प्रदुषण वा वातावरण प्रदुषण गरेमा रु.२५,०००।- र वातावरण प्रदुषण हटाउन लाग्ने रकम असुल गरिनेछ ।

(३) अनुगमन टोलिको सुझाव पालना नगरेमा रु.१०,०००।- जरिवाना र तीन (३) पटक भन्दा वढी पटक गल्ती दोहोराएमा मेला सञ्चालनमा रोक लगाइनेछ र उक्त संस्थालाई पाँच (५) वर्ष सम्म मेला महोत्सव लगाउन प्रतिवन्ध लगाइने छ

(४) तोकिएको समयसिमा भन्दा बढि समय मेला महोत्सव सञ्चालन गरेमा प्रतिदिन रु.२५,०००।- का दरले जरिवाना लाग्नेछ ।

२५. **प्रचलित कानून वमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै कार्यविधि वमोजिम हुने र यसमा उल्लेख नभएकाको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

२६. **वाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा नगर कार्यपालिका बैठकबाट अनुमोदन हुनेगरी नगर प्रमुखको निर्णय वमोजिम हुनेछ ।

२७. **संशोधन तथा खारेजीः** यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगर कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

**अनुसूचि-१**
**(नियम ४ (१) सँग सम्बन्धीत)**

**आवेदक संस्थाले प्रस्तावमा खुलाउनु पर्ने न्यूनतम् विषयहरु**

(१) आवेदक संस्थाको परिचय नाम, दर्ता, नविकरण, उद्धेश्य, पछिल्ला ३ वर्षका साधारण सभाको मिति, पूर्व अनुभव, हाल सम्म गरेको उल्लेखनिय काम ।

(२) मेला महोत्सवका विषयमा मेला महोत्सवको नाम, स्थान, समय, अवधि, उद्धेश्य, पुरा गर्ने रणनीति, मेला महोत्सवमा गरिने गतिविधिहरुको विवरण ।

(३) मेला महोत्सवको आर्थिक पक्ष मेला महोत्सव सञ्चालन गर्न आवश्यक रकम, उपलब्धताको श्रोत, कार्यक्रम पश्चात आर्थिक लाभ हुने नहुने, हुने भएमा सो रकम र वचत रकमको उपयोग क्षेत्र, टिकट दर, टिकटमा विशेष छुट नीति

(४) मेला महोत्सवको व्यवस्थापन पक्ष

- व्यवसायीक स्टल रहने नरहने, सन्देश मुलक एवं क्षेत्रगत प्रर्वद्धनमुलक स्टल के के रहने ? व्यवसायीक स्टलहरु के कति रहने, स्टल वितरण प्रकृया के कस्तो रहने ।
- दर्शक मैत्रि नीति (सरसफाई, शौचालय, खानेपानी, प्राथमिक उपचार, टिकटमा छुनुट आदी) के के छन्।
- स्टलहरु रहने भएमा वितरण नीति ।

(५) मेला महोत्सवका आर्कषणका विषयहरु के के हुने ।

(६) मेला महोत्सव सञ्चालन पछि देखिने उपलब्धी ।

जीतपुरसिमरा उपमहानगरपालिका

**अनुसूचि-२**
**(नियम ४ (२) सँग सम्बन्धीत)**
**मूल आयोजक छनौटका लागि मूल्याङ्कन आधारहरु**

(१) संस्थाको प्राथमीकीकरण (दर्ता मितिका आधारमा)
(२) संस्थाको वैधानिकता (नियमित नविकरण, साधारण सभा आदी भएको)
(३) मेला महोत्सवले जीतपुरसिमराको व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, खेलकुद ईत्यादी क्षेत्रमा प्रर्वद्धनमा हुने योगदान । (जीतपुरसिमरालाई प्रत्यक्ष फाइदा पुग्नेलाई प्राथमिकता दिइने)
(४) मेला महोत्सवका लागि प्रस्तावित दिन (जति सक्यो कमलाई प्राथमिकता दिइने )
(५) मेला महोत्सववाट आय आर्जन हुने भएमा सो को लगानीको क्षेत्र । (सार्वजनिक लाभलाई प्राथमिकता दिइने)
(६) हाल सम्म मेला महोत्सव सञ्चालन गर्ने अवसर पाए नपाएको । (नपाएकालाई प्राथमिकता दिइने)
(७) विगतमा मेला महोत्सव सञ्चालनवाट संकलित रकमको सदनुपयोग अवस्था । (सदुपयोग गरेकोलाई प्राथमिकता दिइने) ।

जीतपुरसिमरा उपमहानगरपालिका

**अनुसूचि ३**

**(नियम ४ (२) सँग सम्बन्धीत) मेला महोत्सव सञ्चालन अननुमतिको ढाँचा**

**जीतपुरसिमरा उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**जीतपुर, बारा**

विषय : मेला महोत्सव सञ्चालन अनुमति पत्र ।

श्री.........................................

त्यस संस्थाले यस नगरपालिका क्षेत्र भित्र मेला महोत्सव सञ्चालनका लागि यस नगरपालिकावाट अनुमति माग गरेको सन्दर्भमा यस नगरपालिकाको मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०८३ को दफा ४ वमोजिम यस संस्थालाई सोहि कार्य विधिको पूर्ण पालना गर्दै निम्नानुसारका शर्तहरु अनिवार्य पालना गर्ने गराउने गरि तपसिलको मिति, समय र स्थानमा मेला महोत्सव सञ्चालन गर्न मिति २०८....।.....। गते वसेको मेला महोत्सव अनुमति समितिको वैठकको निर्णयानुसार यो अनुमति पत्र प्रदान गरिएको छ ।

<u>**तपसिल**</u>

मेला महोत्सवको नामः...............................................................

मेला सञ्चालन हुने मितिः..................... देखि .................... सम्म ।

समय : प्रत्येक दिन विहान........... वजे देखि .......... वजे सम्म ।

स्थान :..........................................................................

**अनिवार्य पालना गनर्नु पर्ने शर्तहरु**

- कार्यविधिको दफा ९ देखि १८ उल्लेखित बुँदाहरु
- कार्यविधिको दफा २२
- ...................................

<u>**वोधार्थः**</u>

श्री जिल्ला प्रशासन कार्यालय, कलैया-बारा

श्री जिल्ला प्रहरी कार्यालय, कलैया- बारा ।

## अनुसूचि-४
## (नियम ६ सँग सम्बन्धित)
## मेला महोत्सव भित्र व्यवसाय गर्ने व्यवसायिहरुको पटके व्यवसाय तथा मनोरञ्जन कर (मेला अवधिभर)

व्यवसायीक फर्महरुको स्टलमा प्रति स्टल सम्वन्धित क्षेत्रकालागि तोकिएको व्यवसायको करको दरलाई आधारमानी सो को २५ प्रतिशत ।

आज्ञाले,
डमरु प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका